# ☛न्याय प्रशासन सम्बन्धी तथा अन्य केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना**: न्याय प्रशासन सम्बन्धी केही ऐनमा संशोधन गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "न्याय प्रशासन सम्बन्धी तथा अन्य केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६४ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नेपाल कानुन व्याख्या सम्बन्धी ऐन, २०१० मा संशोधनः** नेपाल कानुन व्याख्या सम्बन्धी ऐन, २०१० को,-

(१) दफा २ को खण्ड (झ) को,-

(क) उपखण्ड (घ) को अन्तिममा रहेको "र" भन्ने शब्द झिकिएको छ ।

(ख) उपखण्ड (ङ) मा रहेका "२०६३ साल जेठ ४ गतेदेखि" भन्ने शब्दहरू पछि "२०६३ साल पुस ३० गतेसम्म" भन्ने शब्दहरू थपी सोही उपखण्डमा रहेका "मन्त्रिपरिषद्लाई सम्झनु पर्छ" भन्ने शब्दहरूको सट्टा "मन्त्रिपरिषद्लाई, र" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) उपखण्ड (ङ) पछि देहायको उपखण्ड (च) थपिएकोछ,-

(च) ०६३ साल माघ १ गतेदेखि गरिएको वा गरिनु पर्ने कुनै कामका सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ र अन्य कानुन बमोजिम नेपालको कार्यकारिणी अधिकार प्रयोग गर्ने मन्त्रिपषिद्लाई सम्झनु पर्छ ।"

☛ आयोगले आर्थिक वर्ष २०६३।०६४ मा सरकारमा पेश गरेको मसौदा ।

नेपाल कानून आयोग

(ख) खण्ड (ठ) मा रहेका "प्रतिनिधि सभाको घोषणा, २०६३" भन्ने शब्दहरू पछि "वा नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरू थपिएका छन् ।

(२) दफा ३ को,-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएकोछः-

"(ग) २०६३ साल जेठ ४ गतेदेखि २०६३ साल पुस ३० गतेसम्म बनेको ऐनको हकमा प्रतिनिधि सभाले पारित गरेको व्यहोरा प्रतिनिधि सभाको सभामुखले प्रमाणित गरेको दिनदेखि ।"

(२) खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएकोछः-

"(घ) २०६३ साल माघ १ गतेदेखि बनेको ऐनको हकमा व्यवस्थापिका-संसदले पारित गरेको व्यहोरा व्यवस्थापिका-संसदको सभामुखले प्रमाणित गरेको दिनदेखि ।

तर नेपाल राजपत्रमा त्यस्तो ऐन प्रकाशन हुनु अगावै गरिसकेको वा नगरेको कुनै दण्डनीय कुराको हकमा भने त्यस्तो ऐन बमोजिम दण्ड सजाय हुँदैन ।"

३. **सर्वोच्च अदालतका न्यायाधीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ मा संशोधनः-** सर्वोच्च अदालतका न्यायाधीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ को,-

(१) दफा २ को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन्ः-

"(क) "संविधान" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३" सम्झनु पर्छ ।

(ख) "सर्वोच्च अदालत" भन्नाले संविधानको धारा १०२ बमोजिमको सर्वोच्च अदालत सम्झनु पर्छ ।"

नेपाल कानून आयोग

(२) दफा २क. को सट्टा देहायको दफा २क. राखिएकोछः-

"२क. उमेरको गणनाः संविधानको धारा १०३ को उपधारा (५) को प्रयोजनको लागि प्रधान न्यायाधीश वा अन्य न्यायाधीशको उमेर गणना गर्दा देहायका आधारमध्ये जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा उमेरको गणना गरिनेछः-

(क) निजले पेश गरेको शिक्षण संस्थाको प्रमाण पत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर,

(ख) निजको नागरिक्ताको प्रमाण पत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर, वा

(ग) निजको वैयक्तिक विवरण (सिटरोल) मा लेखिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर ।"

(३) दफा ४ख. को उपदफा (५) मा रहेका "केन्द्रीय सेवा विभागबाट" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारबाट" भन्ने शब्दहरू राखिएका छन् ।

(४) दफा ६ को ठाउँ ठाउँमा रहेका "सात वर्ष" भन्ने शब्दहरूको सट्टा "पाँच वर्ष" भन्ने शब्दहरू राखिएका छन् ।

(५) दफा ८ को उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएकोछः-

"(८) प्रधान न्यायाधीशले भैपरी आउने विदा, पर्व विदा र किरिया विदा बाहेक अन्य विदा बस्नुपर्दा प्रधानमन्त्रीलाई जानकारी दिई बस्न सक्नेछ र अन्य न्यायाधीशले सबै विदाका लागि प्रधान न्यायाधीशको स्वीकृति लिनु

पर्नेछ ।"

(६) दफा ९ मा रहेका "धारा ८७ को उपधारा (४) अन्तर्गत मुकरर भएको कायम मुकायम प्रधान न्यायाधीशले" भन्ने शब्दहरूको सट्टा "धारा १०३ को उपधारा (४) बमोजिमको कायम मुकायम प्रधान न्यायाधीशले" भन्ने शब्दहरू राखिएका छन् ।

नेपाल कानून आयोग

(७) दफा १० को खण्ड (ग) मा रहेका “श्री ५ बाट अन्यथा तोकिबक्सेमा बाहेक” भन्ने शब्दहरू झिकिएका छन् ।

(८) दफा १०घ पछि देहायको दफा १०ङ थपिएको छः-

“१०ङ. <u>सर्वोच्च अदालतको अस्थायी न्यायाधीश सम्बन्धी व्यवस्थाः</u>

(१) संविधानको धारा १०२ को उपधारा (५) बमोजिम प्रधान न्यायाधीशले न्यायपरिषद्को सिफारिशमा सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेको व्यक्तिलाई सर्वोच्च अदालतको अस्थायी न्यायाधीशको रूपमा नियुक्त गर्न सक्नेछ ।”

(२) उपदफा (१) बमोजिम नियुक्त अस्थायी न्यायाधीशले सो हैसियतमा काम गर्दा सर्वोच्च अदालतको न्यायाधीशले पाए सरहको तलब, भत्ता, विदा र सवारी सुविधा पाउनेछ ।”

(९) दफा ५ख. खारेज गरिएको छ ।

४. **<u>प्रमाण ऐन, २०३१ मा संशोधनः</u>** प्रमाण ऐन, २०३१ को,-

(१) दफा २ को खण्ड (ग) को उपखण्ड (१) झिकिएको छ ।

(२) दफा ५ को सट्टा देहायको दफा ५ राखिएकोछः-

“५. <u>अदालतले स्वयं जानकरी लिने कुराहरूः</u> (१) अदालतले देहायका कुराहरूको स्वयं न्यायिक जानकारी लिनु पर्छः-

(क) नेपालको भौगोलिक स्थिति,

(ख) नेपालको संविधान र नेपाल कानुन,

(ग) विधेयकको प्रमाणीकरण मिति,

(घ) नेपाल राजपत्रमा प्रकाशित सूचनाहरू ।”

नेपाल कानून आयोग

(३) दफा ३५. को उपदफा (३) को सट्टा देहायको उपदफा ३ राखिएको छः-

"(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारबाट भएका निर्णय वा आदेश प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित अधिकृतबाट प्रमाणीकरण भएको लिखत पेश गरी प्रमाणित गर्न हुन्छ।"

५. **नेपाल सन्धि ऐन, २०४७ मा संशोधनः** नेपाल सन्धि ऐन, २०४७ को,-

(१) दफा १ को उपदफा (३) मा रहेका "संविधान प्रारम्भ भएपछि नेपाल अधिराज्य" भन्ने शब्दहरूको सट्टा "सम्बत् २०४७ साल कात्तिक २३ गते पछि नेपाल" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा २ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः -

(ङ) "संविधान" भन्नाले "नेपालको अन्तरिम संविधान, २०६३" सम्झनु पर्छ।

(३) दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः -

"३. सन्धि सम्पन्न गर्ने अधिकारः (१) प्रधानमन्त्री वा परराष्ट्र मन्त्री बाहेक अरु कसैले पूर्णाधिकार विना नेपाल वा नेपाल सरकारको तर्फबाट कुनै पनि सन्धि वार्ता गर्न, सन्धिको अन्तिम मस्यौदा वा प्रामाणिक प्रति स्वीकार गर्न, त्यस्तो सन्धिमा हस्ताक्षर गर्न वा आरक्षण राख्न वा तत्सम्बन्धी अन्य कुनै काम गर्न हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी राज्य वा अन्तर्राष्ट्रिय सङ्गठनमा नेपालको प्रतिनिधित्व गर्ने नेपाली राजदूत वा नियोग प्रमुखले त्यस्तो राज्य वा अन्तर सरकारी सङ्गठनसँग गर्ने जुनसुकै विषयको सन्धि सम्बन्धमा र कुनै अन्तराष्ट्रिय सम्मेलनमा भाग लिने प्रतिनिधि मण्डलका नेताबाट सो सम्मेलनमा गरिने सन्धिको सम्बन्धमा वार्ता गर्न वा सन्धिको अन्तिम मस्यौदा वा प्रमाणिक प्रति स्वीकार गर्न बाधा पर्ने छैन।"

नेपाल कानून आयोग

(४) ठाउँ ठाउँमा प्रयोग भएका "धारा १२६ को उपधारा (२)" भन्ने शब्दहरूको सट्टा "धारा १५६ को उपधारा (२)" भन्ने शब्दहरू, "नेपाल अधिराज्य" भन्ने शब्दहरूको सट्टा "नेपाल" भन्ने शब्द, "प्रतिनिधि सभा" र "संसद" भन्ने शब्दहरूको सट्टा "व्यवस्थापिका-संसद" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

(५) दफा १४ खारेज गरिएको छ ।

६. **न्यायपरिषद् ऐन, २०४७ मा संशोधनः** न्यायपरिषद् ऐन, २०४७ को,-

(१) दफा २ को खण्ड (क), (ख) र (ङ) को सट्टा देहायका खण्ड (क), (ख) र (ङ) राखिएका छन्:-

"(क) "संविधान" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ सम्झनु पर्छ ।

(ख) "परिषद्" भन्नाले संविधानको धारा ११३ को उपधारा (१) बमोजिम गठित न्यायपरिषद् सम्झनु पर्छ ।

(ङ) "जाँचबुझ समिति" भन्नाले संविधानको धारा १०९ को उपधारा (१०) को खण्ड (ग) बमोजिम गठन हुने जाँचबुझ समिति सम्झनु पर्छ ।"

(२) दफा ३ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "धारा ८७ को उपधारा (८) र धारा ९१ को उपधारा (३) बमोजिम गठित" भन्ने शब्दहरूको सट्टा "धारा १०५ को उपधारा (२) को प्रयोजनको लागि र धारा १०९ को उपधारा (१०) को खण्ड (ग) बमोजिम गठित" भन्ने शब्दहरू राखिएका छन् ।

(३) दफा ६ को उपदफा (२) मा रहेका "नेपाल अधिराज्यभित्र" भन्ने शब्दहरूको सट्टा "नेपालभित्र" भन्ने शब्दहरू राखिएका छन् ।

(४) दफा ७ को उपदफा (१) मा रहेकमा "भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत विशेष प्रहरी अधिकृतलाई" भन्ने शब्दहरूको सट्टा "भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको अनुसन्धान अधिकारीलाई" भन्ने शब्दहरू राखिएका छन् ।

नेपाल कानून आयोग

(५) दफा ८ मा रहेका “संविधानको धारा ९१ को उपधारा (३) बमोजिम परिषद्ले आफ्नो सिफारिश श्री ५ महाराजाधिराज समक्ष जाहेर गर्नेछ” भन्ने शब्दहरूको सट्टा “परिषद्ले संविधानको धारा १०९ को उपधारा (१०) को खण्ड (ग) बमोजिम निर्णय गर्नेछ” भन्ने शब्दहरू राखिएका छन् ।

(६) ठाउँ ठाउँमा रहेका “धारा ९१ को उपधारा (३)” भन्ने शब्दहरूको सट्टा “धारा १०९ को उपधारा (१०) को खण्ड (ग)” भन्ने शब्दहरू राखिएका छन् ।

(७) दफा ९ खारेज गरिएको छ ।

७. **न्याय प्रशासन ऐन, २०४८ मा संशोधनः** न्याय प्रशासन ऐन, २०४८को,-

(१) प्रस्तावनामा रहेका “नेपाल अधिराज्यको संविधान, २०४७ ले व्यवस्था गरे अनुरूप” भन्ने शब्दहरू झिकिएका छन् ।

(२) दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएकोछः-

“(क) “संविधान” भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ सम्झनु पर्छ ।”

(३) दफा ३ को उपदफा (१) मा रहेका “नेपाल अधिराज्यको” भन्ने शब्दहरूको सट्टा “नेपालको” भन्ने शब्द राखिएको छ ।

(४) दफा ११ को उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांश झिकिएकोछ ।

८. **न्याय सेवा आयोग ऐन, २०४८ मा संशोधनः** न्याय सेवा आयोग ऐन, २०४८ को,-

(१) दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएकोछः-

“(क) “संविधान” भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ सम्झनु पर्छ ।”

(ख) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएकोछः-

“(क१) “आयोग” भन्नाले संविधानको धारा ११४ को उपधारा (२) बमोजिमको न्याय सेवा आयोग सम्झनु पर्छ ।”

नेपाल कानून आयोग

(२) दफा ३ मा रहेका “नेपाल अधिराज्यको संविधान, २०४७” भन्ने शब्दहरूको सट्टा “संविधान” भन्ने शब्द राखिएको छ ।

(३) दफा ९ को सट्टा देहायको दफा ९ राखिएकोछः-

“९. <u>सल्लाह र सुझाव लिन सक्नेः</u> बैठकमा छलफल हुने विषयको सम्बन्धमा आयोगले आवश्यकता अनुसार न्यायसेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृतहरू तथा सम्बन्धित विशेषज्ञको सल्लाह र सुझाव लिन सक्नेछ ।”

९. **<u>सर्वोच्च अदालत ऐन, २०४८ मा संशोधनः</u>** सर्वोच्च अदालत ऐन, २०४८ को,-

(१) दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएकोछः-

“(क) “संविधान” भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ सम्झनु पर्छ ।”

(२) दफा ३ को प्रतिबन्धात्मक वाक्यांशमा रहेका “श्री ५ बाट स्वीकृति प्राप्त गरी” भन्ने शब्दहरूको सट्टा “नेपाल सरकारसँग परामर्श गरी” भन्ने शब्दहरू राखिएका छन् ।

(३) दफा ८ मा रहेका “श्री ५ समक्ष” भन्ने शब्दहरूको सट्टा “प्रधानमन्त्री समक्ष” भन्ने शब्दहरू राखिएका छन् ।

(४) दफा ११ को उपदफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएकोछ,-

“(ग) संविधानको धारा १०७ को उपधारा (१) र (२) अन्तर्गत पर्ने निवेदन पत्रहरू सम्बन्धी विषय ।”

(५) अनुसूचीको सट्टा देहायको अनुसूची राखिएकोछः-

नेपाल कानून आयोग

"अनुसूची

(दफा ८ सँग सम्बन्धित)

म... ..................................ईश्वरको नाममा⁄ सत्य, निष्ठापूर्वक शपथ लिन्छु कि प्रचलित संविधानप्रति पूर्ण वफादार रही आफूले ग्रहण गरेको ............... पदको कामकाज प्रचलित कानुनको अधिनमा रही, न्यायपालिकाको स्वच्छता र मर्यादा विपरित नहुने गरी, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराव भावना नलिई इमान्दारी साथ गर्नेछु । आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

मितिः ....

हस्ताक्षर"

(६) दफा ६ खारेज गरिएको छ ।

१०. **पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८ मा संशोधनः** पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८ को,-

(१) दफा २ को ठाउँ ठाउँमा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ बमोजिम" भन्ने शब्दहरूको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०९ बमोजिम" भन्ने शब्दहरू राखिएका छन् ।

(२) दफा २ पछि देहायको दफा २क. थपिएकोछः

"२क. उमेरको गणनाः संविधानको धारा १०९ को उपधारा (१०) को खण्ड (ख) को प्रयोजनको लागि न्यायाधीशको उमेर गणना गर्दा देहायका आधारहरूमध्ये जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा उमेरको गणना गरिनेछः-



नेपाल कानून आयोग

(क) निजले पेश गरेको शिक्षण संस्थाको प्रमाण पत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर,

(ख) निजको नागरिक्ताको प्रमाण पत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर, वा

(ग) निजको वैयक्तिक विवरण (सिटरोल) मा लेखिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर ।

(३) दफा ३४क. पछि देहायको दफा ३४ख थपिएकोछः-

"३४ख <u>शपथ ग्रहणः</u> पुनरावेदन अदालतको मुख्य न्यायाधीशले प्रधान न्यायाधीश समक्ष र पुनरावेदन अदालतका अन्य न्यायाधीश तथा जिल्ला अदालतका न्यायाधीशले सम्बन्धित पुनरावेदन अदालतका मुख्य न्यायाधीश समक्ष अनुसूचीमा उल्लेख भए बमोजिम पद र गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ ।"

(३) दफा ३५ पछि देहायको अनुसूची राखिएकोछः-

"अनुसूची

( दफा ३४ख संग सम्बन्धित )

म... ...................................ईश्वरको नाममा सत्य/ निष्ठापूर्वक शपथ लिन्छु कि प्रचलित संविधानप्रति पूर्ण वफादार रही आफूले ग्रहण गरेको ................ पदको कामकाज प्रचलित कानुनको अधिनमा रही न्यायपालिकाको स्वच्छता र मर्यादा विपारित नुहने गरी, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराव भावना नलिई इमान्दारी साथ गर्नेछु । आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

मितिः ....

हस्ताक्षर"

नेपाल कानून आयोग

११. **<u>महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५२ मा संशोधन</u>:** महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५२ को,-

(१) दफा २ मा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १०९ को उपधारा (१) बमोजिम" भन्ने शब्दहरूको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३४ को उपधारा (१) बमोजिम" भन्ने शब्दहरू राखिएका छन् ।

(२) दफा ६ को उपदफा (३) मा रहेका "केन्द्रीय सेवा विभागबाट" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारबाट" भन्ने शब्दहरू राखिएका छन् ।

(३) दफा २१ को सट्टा देहायको दफा २१ राखिएकोछः-

"२१ <u>शपथ ग्रहण</u>: महान्यायाधिवक्ताको पदमा नियुक्त व्यक्तिले अनुसूचीमा उल्लेख भए बमोजिम पद र गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ ।"

(४) अनुसूची २ पछि देहायको अनुसूची-३ थपिएकोछः-

"अनुसूची-३

<u>(दफा २१ सँग सम्बन्धित)</u>

म... ..................................ईश्वरको नाममा/सत्य, निष्ठापूर्वक शपथ लिन्छु कि प्रचलित संविधानप्रति पूर्ण वफादार रही आफूले ग्रहण गरेको ................पदको कामकाज प्रचलित कानुनको अधिनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराव भावना नलिई इमान्दारी साथ गर्नेछु । आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

मितिः ....

हस्ताक्षर"

नेपाल कानून आयोग

१२. **<u>संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ मा संशोधन</u>**: संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ को,-

(१) दफा २ को ठाउँ ठाउँमा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७" भन्ने शब्दहरूको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरू राखिएका छन् ।

(२) दफा २० पछि देहायको दफा २०क. थपिएकोछः-

"२०क. <u>उमेरको गणना</u>: प्रमुख पदाधिकारी वा अन्य पदाधिकारीको अवकाश हुने उमेर गणना गर्ने प्रयोजनको लागि देहाय बमोजिमको आधारहरूमध्ये जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा उमेरको गणना गरिनेछः-

(क) निजले पेश गरेको शिक्षण संस्थाको प्रमाण पत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर,

(ख) निजको नागरिक्ताको प्रमाण पत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर, वा

(ग) निजको वैयक्तिक विवरण (सिटरोल) मा लेखिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर ।"

(३) दफा २४ को सट्टा देहायको दफा २४ राखिएकोछः-

" <u>२४ शपथ ग्रहण</u>: प्रमुख पदाधिकारीको पदमा नियुक्त व्यक्तिले प्रधानमन्त्री समक्ष र अन्य पदाधिकारीको पदमा नियुक्त व्यक्तिले सम्बन्धित प्रमुख पदाधिकारी समक्ष अनुसूचीमा उल्लेख भए बमोजिम पद र गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ ।"

(४) दफा २५ पछि देहायको अनुसूची थपिएकोछः-

नेपाल कानून आयोग

## “अनुसूची

( दफा २४ सँग सम्बन्धित)

म... ...................................ईश्वरको नाममा/सत्य, निष्ठापूर्वक शपथ लिन्छु कि प्रचलित संविधानप्रति पूर्ण वफादार रही आफूले ग्रहण गरेको ............... पदको कामकाज प्रचलित कानुनको अधिनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराव भावना नलिई इमान्दारी साथ गर्नेछु । आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

मितिः ....                                        हस्ताक्षर”

१३. **नेपाल कानुन आयोग ऐन, २०६३ मा संशोधनः** नेपाल कानुन आयोग ऐन, २०६३ को,-

(१) दफा ४ को उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएकोछः-

“(ख) सभापति कानुन, न्याय तथा व्यवस्थापिका-संसद् सम्बद्ध समिति - सदस्य ।”

(२) दफा ९ मा रहेका “प्रतिनिधिसभाको कानुन, न्याय तथा संसदीय व्यवस्था समिति” भन्ने शब्दहरूको सट्टा “कानुन, न्याय तथा व्यवस्थापिका-संसद् सम्बद्ध समिति” भन्ने शब्दहरू राखिएको छन् ।

१४. **रूपान्तरः** प्रचलित ऐनको ठाउँ ठाउँमा रहेका “प्रतिनिधिसभा” भन्ने शब्दहरूको सट्टा “व्यवस्थापिका-संसद्” भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

नेपाल कानुन आयोग